औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरी

# शिलबन्दी प्रस्ताव आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०८०।०४।०५

गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र रुपनी ५, सप्तरीमा उद्योग स्थापनाको लागि विकसित गरिएका केहि प्लट जमिन लिजमा उपलव्ध हुने भएकाले ईजाजत प्राप्त उद्योग/उद्यमीहरुबाट तपसिलबमोजिमका सर्तहरुको अधिनमा रही शिलबन्दी प्रस्ताव पेस गर्न सम्बन्धित ईच्छुक लगानीकर्ता/उद्योगीहरुलाई लक्षित गरी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१. प्रस्ताव फाराम गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय रुपनी ५, सप्तरीमा, तथा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड केन्द्रीय कार्यालय, बालाजुमा उपलव्ध हुनेछ ।
२. प्रस्ताव फाराम प्रति प्लटको लागि रु. १०००।० (एकहजार मात्र) फिर्ता नहुने गरी खरिद गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र बुझाई सक्नुपर्ने छ ।२१औं दिनमा कार्यालय विदा परेमा तुरुन्त कार्यालय खुलेको दिनमा दर्ता गर्नुपर्ने छ ।
३. औद्योगिक क्षेत्र संचालन तथा व्यवस्थापन नियमावली (पाँचौं संशोधन) को नियम ५ बमोजिमका प्राथमिकता प्राप्त उद्योगहरुले प्रस्ताव पेश गर्न सक्ने ।
४. प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु औद्योगिक क्षेत्र संचालन तथा व्यवस्थापन नियमावली २०७१ (५ औं संशोधन) को नियम ७ बमोजिम रहेको छ ।
५. उद्योग संचालनका लागि ५ देखि ८ रोपनी सम्मका प्लटहरु बढीमा ४० वर्ष सम्मका लागि सम्झौता गरी लिजमा उपलव्ध हुनेछ।
६. जमिनको प्रवेश शुल्कवापत एकपटकको लागि प्रति रोपनी न्यूनतम् रू.१५,०००।०० (पन्ध्र हजार रूपैंया मात्र ) निर्धारण गरिएको छ ।
७. हाललाईजमिन भाडा रु.१२०००।० प्रति रोपनी प्रति वर्ष तोकिएको छ ।
८. आफुले कबोल गरेको प्रवेश शुल्कको २५ प्रतिशतले हुने रकम गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,राजविराज शाखाको खाता नं. २१८०१००००२६६१००१ मा जम्मा गरेको भौचर प्रस्तावसाथ संलग्न गर्नुपर्नेछ ।
९. यस सम्बन्धी विस्तृत जानकारीको लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको वेबसाईटः www.idm.org.np तथा गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय,रुपनी ५, सप्तरीको मोबाईल नं.९८५१२७३३६५ एवं औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको केन्द्रिय कार्यालय, बालाजुमा सम्पर्क गर्न सकिने छ ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरी

# २०८०।०४।०५ को सूचना अनुसारको शिलबन्दी प्रस्ताव आव्हानको विस्तृत जानकारी

सूचना प्रकाशित मिति :..................

नेपाल सरकारबाट ईजाजतपत्र प्राप्त ईच्छुक उद्योग/उद्यमीहरुबाट तपसिलबमोजिमका सर्तहरुको अधिनमा रही सञ्चालक समितिबाट स्वीकृत प्राविधिक स्पेसिफिकेशन बमोजिम यस औद्योगिक क्षेत्रभित्र निर्दिष्ट गरिएको प्राथमिकता प्राप्त उद्योगहरुबीच प्रतिस्पर्धा र पारदर्शिताका आधारमा जग्गा बहालमा दिन उद्योगीहरुबाट प्राप्त प्रस्ताव मुल्याङ्कन गरी छनौट गर्नुपर्ने भएकोले शिलबन्दी प्रस्तावको माध्यमबाट शिलबन्दी प्रस्ताव पेस गर्न सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

- **<u>दरखास्त फाराम खरिद</u>**:
  प्रस्तावित नयाँ उद्योग/उद्यमीले रू.१,०००।० (एक हजार रूपैयाँ) प्रति प्लटको शुल्क तिरी (फिर्ता नहुने) खरिद गरी प्रस्ताव फाराम भरी प्रस्तावसाथ पेस गर्नुपर्नेछ । प्रत्येक प्लटको लागि छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्ने छ । एकवटा उद्योग/उद्यमिले १ वटा प्लटको लागि मात्र प्रस्ताव गर्नु पर्ने छ । कुनै उद्योगको लागि जमिन नपुग हुने भएमा प्रस्ताव स्वीकृति भएपछि छुट्टै निवेदनबाट थप जमिन माग गर्न सकिने छ ।

- **<u>प्रस्ताव फाराम पाइने तथा दर्ता गरिने स्थान</u>**: (क) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, सञ्चालन महाशाखा, केन्द्रीय कार्यालय, बालाजु काठमाण्डौं र (ख) गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरी ।

- **<u>शिलबन्दी प्रस्ताव दाखिला</u>**:
  उद्योग वा प्रस्तावित व्यवसाय गर्न चाहने उद्योगका सञ्चालकले प्रस्ताव फाराम प्रथमपटक प्रकाशित मितिले २१ औं दिन मिति २०८०।४।२५ गते को कार्यालय समय अपरान्ह १७:०० बजेभित्र खरिद गरि पेश गरिसक्नु पर्नेछ । उद्योगका सञ्चालकले प्रस्ताव फारामको प्रत्येक पाना अध्ययन गरेर रितपूर्वक भरी सहीछाप गरी प्रस्तावमा उल्लेखित पेस गर्नुपर्ने कागजपत्रहरु नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपीहरु र सर्त नं. ४ अनुसारको नगद जम्मा गरेको भौचर संलग्न गरी सो प्रस्ताव शिलबन्दी गरी खामबाहिर उद्योग/फर्मको नाम, ठेगाना प्रष्टसंग लेखी २१ औं दिन मिति २०८०।४।२५ गते अपरान्ह ५:०० बजे सम्म अर्थात कार्यालय समय भित्र दर्ता गराई सक्नुपर्नेछ ।

- **<u>धरौटी:</u>**
  (क) जग्गाको प्रबेश शुल्कवापत एकपटकको लागि प्रति रोपनी न्यूनतम् रू.१५,०००।००(पन्ध्र हजार रूपैंया) निर्धारण गरिएको छ ।
  (ख) प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि प्रवेश शुल्क गोप्यरूपमा बढी कबोल गर्न सक्नेछ नियम १४ बमोजिम प्रबेश शुल्कलाई अंक प्राप्त गर्ने माध्यम बनाइएको छ ।
  (ग) आफुले कबोल गरेको प्रबेश शुल्कको २५ प्रतिशतले हुने धरौटी वापतको रकम गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड राजविराज शाखाको खाता नं.२१८०१००००२६६१००१ मा जम्मा गरेको भौचर प्रस्ताव साथ संलग्न हुनुपर्नेछ ।

- **<u>प्रस्ताव खोलिने:</u>** सार्वजनिक सूचना प्रकाशित भएको मितिले २२ औं दिन मिति मिति २०८०।४।२६ गते दिउँसो १४:०० बजे रितपुर्वक दाखिला भएका प्रस्तावहरु औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, बालाजु,

काठमाण्डौं र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरीमा उद्योगी वा निजको प्रतिनिधिको (आधिकारिक प्रतिनिधि नियुक्ति गरेको वा अख्तियारी दिएको लिखित पत्रसाथ) रोहवरमा खोलिने छ । उद्योगी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

- <u>बिदा परेमा</u>: प्रस्तावहरु दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त दिनको भोलिपल्ट अर्थात कार्यालय खुला भएको दिनमा दर्ता वा खोलिने कार्य गरिनेछ ।
- <u>अधिकार</u>: प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नियमावलीको नियम ३४ बमोजिमको अधिकारी वा निकायलाई हुने छ । र सो निकाय वा अधिकारीबाट प्रस्ताव स्वीकृत भए पछि मात्र प्रस्ताव स्वीकृति गर्ने आसयको सूचना प्रकाशित गरिने छ ।
- <u>प्रस्तावमाथि कारवाही नहुने</u>: शिलबन्दी भई नआएको, म्यादभित्र पेस हुन नआएको, फिर्ता लिएको प्रस्ताव, अयोग्य प्रस्ताव, आपसमा मिलोमतो गरी दाखिला भएको, रद्द भएको प्रस्ताव, सर्तसहितको प्रस्तावहरु माथि कारवाही हुने छैन ।
- <u>कारवाही हुने:</u> नक्कली कागजात पेस गरेको पाईएमा प्रस्ताव खरिद गर्न वा दाखिला गर्न आएको व्यक्ति वा फर्मउपर प्रचलित कानुनबमोजिमको कारवाही हुनेछ ।
- <u>अन्य **थप** जानकारी</u>: **यस सम्बन्धमा थप** कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरी वा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको केन्द्रीय कार्यालय, काठमाण्डौं-१६, बालाजुमा सम्पर्क गर्न सकिनेछ ।
- यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७१ (संशोधनसहित) र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ (संशोधनसहित) बमोजिम हुनेछ ।

## • गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रस्थित भाडामा उपलव्ध हुने जग्गाको नापनक्सा र क्षेत्रफलको विवरण

| S.NO. | LAND SYMBOL | LAND AREA - (R:A:P:D) |
|---|---|---|
| 1 | p-1 | 7:14:1:0.19 |
| 2 | p-2 | 5:12:2:3.93 |
| 3 | p-3 | 7:2:0:1.75 |
| 4 | p-4 | 6:9:0:2.51 |
| 5 | p-5 | 6:2:1:3.77 |
| 6 | p-6 | 8:0:0:3.46 |
| 7 | p-7 | 5:10:1:3.06 |
| 8 | p-8 | 5:7:1:0.44 |

| S.NO. | LAND SYMBOL | LAND AREA - (R:A:P:D) |
|---|---|---|
| 9 | p-9 | 6:14:0:0.36 |
| 10 | p-10 | 5:12:0:0.96 |
| 13 | p-13 | 5:11:1:2.49 |
| 14 | p-14 | 5:12:3:3.69 |
| 15 | p-15 | 6:0:3:0.39 |
| 16 | p-16 | 7:4:0:3.07 |

≠P= PLOT
≠R:A:P:D= ROPANI:AANA:PAISA:DAAM